# सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
# सत्रौं वार्षिक साधारण सभाको
# निर्णय विवरण (माईन्युट)

१) **प्रारम्भिक**

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सत्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा सम्पन्न भयो । साधारण सभाका निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण देहाय बमोजिम रहेका छन् ।

मिति : २०८१/०९/०६ (तदनुसार २१ डिसेम्बर २०२४) शनिबार

स्थान : बिग होटल, विराटनगर ।

समय : बिहान १०:०० वजे

२) **उपस्थिति**

**क) सञ्चालक समितिका पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | श्री केशव प्रसाद भट्टराई | अध्यक्ष |
| २. | श्री हेमन्त नाहटा | सञ्चालक |
| ३. | श्री आकाश गोल्छा | सञ्चालक |
| ४. | श्री चुडामणि देवकोटा | स्वतन्त्र सञ्चालक |
| ५. | श्री प्रिया तायल | सञ्चालक |
| ६. | श्री नमिता शर्मा* | सञ्चालक |
| ७. | श्री आशिष कुमार अग्रवाल | सञ्चालक |

* जुम प्लेटफर्म मार्फत सभामा सहभागी हुनु भएको ।

**ख) पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री प्रकाश विक्रम खत्री | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री फर्सुराम मरासिनी | नायव महाप्रवन्धक |
| ३. | श्री मदन कुमार गौतम | प्रदेश प्रमुख, प्रदेश नं. १ |
| ४. | श्री भरत के.सी. | कम्पनी सचिव |
| ५. | श्री सुदिप बोहरा | प्रशासन विभाग |

**ग) शेयरधनीहरुको उपस्थिति**

- उपस्थित शेयरधनीहरुको संख्या : २०९ जना
  स्वयं उपस्थित हुने शेयरधनीहरुको संख्या : ४३ जना
  जुम प्लेटफर्म मार्फत उपस्थित हुने शेयरधनीहरुको संख्या : १ जना
  प्रतिनिधि पत्र (प्रोक्सी) मार्फत उपस्थित हुने शेयरधनीको संख्या : १६५ जना
- शेयरको प्रतिनिधित्व संख्या : २,८०,८४,०७५

SuryaJyoti Life Insurance Co. Ltd.

- शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ५६.०३%

यस सभामा सहभागी हुन पाउने कुल ३,९७,७१० शेयरधनीहरु मध्ये उपस्थित शेयरधनीहरु सबै जना सभामा सहभागी हुन योग्य थिए ।

## ३) छलफलका विषयहरु :

### क) सामान्य प्रस्ताव

१) कम्पनीको सत्रौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) कम्पनीको लेखा परीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि लेखा परिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एसोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन सक्नु हुनेछ)

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु.५,०१,१९,४७,७९७४६ को २० (बीस) प्रतिशतका दरले हुने रकम रु.१,००,२३,८९,५५९/४९ नगद लाभांश (कर प्रयोजन समेतको लागि) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५) सञ्चालक समितिमा संस्थापक शेयरधनी समुहबाट प्रतिनिधित्व गर्ने रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्तिको अनुमोदन गर्ने ।

### ख) विशेष प्रस्ताव

१) कम्पनी ऐनको दफा १०५ (१) (ग) बमोजिम आ.व. २०८०/८१ मा कम्पनीबाट सँस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चको अनुमोदन गर्ने ।

### ग) विविध

## ४) सूचना प्रकाशन :

कम्पनीको सञ्चालक समितिको मिति २०८१/०८/१४ गतेका दिन बसेको ३८७ औं बैठकको निर्णय बमोजिम कम्पनीको १७ औं वार्षिक साधारण सभा मिति २०८१ पौष ०६ गते रजिष्ट्र्ड कार्यालय रहेको स्थान विराटनगरमा आयोजना हुने भनि कम्पनी ऐन २०६३ को दफा ६७ (२) मा भएको व्यवस्था अनुरुप पहिलो पटक साधारण सभा हुने मिति भन्दा २१ दिन अगावै २०८१ मंसीर १५ गतेको कान्तिपुर राष्ट्रिय दैनिक र दोस्रो पटक मिति २०८१ पौष ०२ गतेको अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरि कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम कम्पनीको वार्षिक प्रतिवेदन सहितको साधारण सभाको विस्तृत सूचना शेयरधनी महानुभावहरुको कम्पनीमा उपलब्ध ठेगानामा पठाईएको तथा कम्पनीको वेभसाईटमा पनि राखिएको थियो ।

## ५) गणपुरक संख्या

कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा सञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुनुपर्नेमा

आजको यस सभामा कुल शेयर संख्याको ५६.०३ प्रतिशत शेयरको उपस्थिती रहेको ब्यहोरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

| विवरण | कुल संख्या | स्वयं/जुम उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ३,९७,७१० | ४४ | १६५ | २०९ | - |
| शेयर संख्या | ५,०१,१९,४७७.९७४६ | ११,७६,१७१ | २,६९,०७,९०४ | २,८०,८४,०७५ | ५६.०३% |

६) **सभाको बैधानिकता र सभाको सभापतित्व**

क) साधारण सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिमको प्रकिया पुरा गरि कम्पनीको वार्षिक साधारण सभा बोलाईएको र स्वयं उपस्थित हुने शेयरधनीहरु एवं प्रतिनिधि पत्र (प्रोक्सी) मार्फत उपस्थित हुने शेयरधनीहरुको प्रतिनिधित्व प्रतिशत ५६.०३% रहेको हुँदा सभा सञ्चालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभा सञ्चालनको लागि बैधानिक प्रक्रिया पुरा भएको जानकारी गराउनु भयो ।

ख) निर्धारित विषयसूचिमा छलफल गर्ने क्रममा कम्पनी सचिवले अध्यक्षज्यू, सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू एवं शेयरधनी महानुभावज्यूहरुलाई आसन ग्रहण गर्न आग्रह गर्नुभयो । आसन ग्रहण पश्चात् उहाँले अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूलाई सभाको अध्यक्षता ग्रहण गर्न अनुरोध गर्नुभयो र अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्दै कम्पनी सचिवलाई सभाको काम कारवाही अगाडी बढाउन अनुमति दिनु भयो ।

ग) सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश विक्रम खत्रीले स्वागत मन्तब्य दिनुहुँदै कम्पनी 'जीवनको लागि' भन्ने मुल नाराका साथ नेपालको जीवन बीमा क्षेत्रमा उभिएको र कम्पनीको चुक्ता पूँजी, कुल लगानी, जीवन बीमा कोष, शाखा सञ्जाल, एजेन्सी नेटवर्क, बीमितको संख्या आदि समेतको आधारमा नेपालको जीवन बीमा क्षेत्र कै एक सबल, उत्कृष्ट तथा अग्रणी कम्पनीको रुपमा सेवा प्रदान गर्न सफल भएको ब्यहोरा ब्यक्त गर्नुभयो । त्यसैगरी उहाँले कम्पनीको व्यवसाय निरन्तर बृद्धि हुँदै आएको, कम्पनीले चालु आर्थिक वर्षको लागि People - Process - Performance नारा लिई कम्पनीले लिएको हरेक रणनीति यसैमा केन्द्रीत रहेर अगाडी बढेको, सबै Core Business Process लाई Digitalize गरी बिमित तथा सेवाग्राहीहरुलाई छिटो छरितो तथा उत्कृष्ट सेवा उपलब्ध गराउने कार्यको लागि कम्पनी प्रतिबद्ध रहेको, एजेन्सी नियुक्ति तथा विकासमा विशेष ध्यान दिईएको, जनशक्तिको आन्तरिक तथा बाह्य तालिम तथा प्रशिक्षणमा समेत विशेष जोड दिई दक्ष गराउनुको साथै बिमित तथा अभिकर्ताहरुलाई उत्कृष्ट सेवा प्रदान गरिआएको, बीमा अभिकर्ताको विश्वास र उनीहरुको दक्षता अभिबृद्धि गरी ब्यवसाय प्रबर्धन गर्नको लागि देशव्यापी रुपमा अभिकर्ता तालिमको साथै पुनर्ताजगीकरण कार्यक्रमहरु संचालन गर्ने गरिएको एवं बीमालेख जारि भए पश्चात् बिमितहरुलाई सहजताका साथ बिभिन्न सेवाहरु सजिलै उपलब्ध गराउन After Sales Service मा पनि विशेष ध्यान दिईएको ब्यहोरा समेत ब्यक्त गर्नु भयो ।

SuryaJyoti Life Insurance Co. Ltd.

घ) तत्पश्चात् कम्पनी सचिवले साधारण सभाका निर्धारित बिषयसूचीहरु सभालाई जानकारी गराउनु भयो ।

## ७) सभा सञ्चालन तथा वार्षिक प्रतिवेदन प्रस्तुती

सभाको काम कारबाहीलाई अगाडि बढाउने क्रममा सभाका सभाध्यक्ष एवं अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूले आफ्नो मन्तब्य सहित आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुका साथै छलफलका लागि सभा समक्ष अनुरोध गर्नुभयो । तत्पश्चात् अध्यक्षज्यूद्वारा सभा समक्ष कम्पनीको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण प्रस्तुत गर्नुभई सो माथिको छलफलमा भाग लिन तथा कम्पनीको कारोबार सम्बन्धी विविध पक्षहरुमा आफ्नो बिचार मन्तब्य तथा जिज्ञासाहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

## ८) छलफलमा सहभागी शेयरधनी र ब्यक्त बिचार

छलफलमा सहभागी हुनुभएका शेयरधनी श्री गुरु प्रसाद लामिछाने, श्री जनकराज मिश्र, श्री शुसिल खतिवडा, श्री लक्ष्मी नारायण यादव लगायतका शेयरधनीहरुबाट व्यक्त बिचार तथा सुझावहरुको मुलभुत विषयबस्तुको सारांश निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

- कम्पनीको वार्षिक साधारण सभा कम्पनी ऐनद्वारा निर्देशित समय मै गर्न सफल भएको तथा हाल देशमा रहेका १४ जीवन बीमा कम्पनीहरु मध्ये आर्थिक वर्ष २०८०/८१ को वार्षिक सधारण सभा गर्ने पहिलो कम्पनी भएकोमा खुसि तथा आभार ब्यक्त ।
- सभामा शेयरधनीहरुको उल्लेख्य उपस्थिति रहेकोमा खुसी ब्यक्त, कम्पनीको रजिष्टर्ड कार्यालय विराटनगरमा भएकोले उच्च स्तरबाट समय समयमा यस क्षेत्रको भ्रमण तथा अन्तरक्रिया भएमा उपयुक्त हुने राय ब्यक्त ।
- हाल कम्पनीबाट २० प्रतिशत नगद लाभांश वितरण गर्ने घोषणा भएकोमा खुसी ब्यक्त गर्नुका साथै कम्पनीको सञ्चालक समिति तथा ब्यवस्थापन प्रति धन्यवाद ब्यक्त ।
- कम्पनीबाट शेयरधनीहरुको लागि प्रदान गर्न घोषणा भएको लाभांश/प्रतिफल मध्येबाट नगद लाभांशको साथै बोनस शेयर समेत प्रदान गरेको भए अझ राम्रो हुने थियो भन्ने धारणा ब्यक्त ।
- कम्पनीले शेयरधनीहरुलाई विगतमा राम्रो प्रतिफल प्रदान गर्दै आएको र कम्पनीको लगानीलाई विविधिकरण गरी बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा विस्तार गरी शेयरधनीहरुलाई आगामी दिनमा समेत उच्च प्रतिफल प्रदान गर्ने अपेक्षा ब्यक्त ।
- कम्पनीको वित्तिय विवरण तथा रिपोर्ट अध्ययन गर्दा सुचकहरु राम्रो रहेकोले यस कम्पनी नेपालको जीवन बीमा क्षेत्रकै एक सबल एवं उत्कृष्ठ कम्पनीको रुपमा स्थापित भएको कुरा ब्यक्त ।
- कम्पनीको उत्तरोत्तर प्रगतिको कामना सहित सूर्यज्योतिलाई ब्रान्डको रुपमा अगाडी बढाउनु पर्ने कुरा ब्यक्त ।
- कम्पनीबाट प्रकाशित वार्षिक प्रतिवेदन बारेको पुस्तिकामा गत वार्षिक साधारण सभामा सहभागी शेयरधनीहरुको तस्वीर राखिएकोमा खुसि ब्यक्त ।

साथै कम्पनीका शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठले कम्पनीले मर्जर पश्चात् राम्रो उपलब्धि हासिल गरेको, कम्पनीको ब्यवसाय बृद्धि भईरहेको, शेयरहोल्डरहरुको लगानी सुरक्षित रहनुको साथै बिमितहरुको

हित समेत सुनिश्चित भएको, आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट शेयरधनीहरुलाई २० प्रतिशत नगद लाभांश अर्थात रु.१००.२३ करोड वितरणको लागि प्रस्ताव गरेकोमा समेत खुसि व्यक्त गरी कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुका साथै कम्पनीको सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्नु भएको छ ।

९) **शेयरधनीहरुको जिज्ञासाको जवाफ:**

अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूले सभामा आफ्नो अमुल्य सुझाव तथा जिज्ञासा राख्नु भएका शेयरधनीहरुलाई धन्यवाद व्यक्त गर्नु हुँदै शेयरधनीहरुको प्रश्न तथा जिज्ञासाहरुको जवाफ दिनु भयो । यसै क्रममा साविकका दुई कम्पनी गाभिई बनेको सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीको गाभिए पश्चातको यो दोश्रो बार्षिक साधारण सभा भएको र पछिल्ला दुबै वर्षहरुमा कम्पनीले राम्रो प्रगति हासिल गरेको, मर्जर गर्ने रणनैतिक निर्णय कार्यान्वयन पश्चात कम्पनी दिनानुदिन सबल र सुदृढ बन्दै गएको, आ.व. २०८०/८१ मा आर्जित मुनाफाबाट शेयरधनी महानुभावहरुलाई हाल कायम चुक्ता पूँजीको २० प्रतिशत (कर सहित) नगद लाभांश प्रस्ताव गरिएको, नियामक निकाय नेपाल बीमा प्राधिकरणको जीवन विमा कम्पनीहरुका लागि निर्धारित रु. ५ अर्ब चुक्ता पूँजी पुऱ्याउनु पर्ने प्रावधान कम्पनीले पुरा गरिसकेको र कम्पनी नेपालको जीवन बीमा क्षेत्रको एक सबल, उत्कृष्ठ तथा अग्रणी कम्पनीको रुपमा स्थापित भएको व्यहोरा सभा समक्ष व्यक्त गर्नु भयो ।

त्यसैगरी, आगामी दिनमा समेत शेयरधनीहरुलाई आकर्षक प्रतिफल प्रदान गर्न कम्पनी प्रयत्नसिल रहने तथा सभामा उठेका बिषयबस्तुलाई सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

१०) **साधारण सभाको निर्णयहरु :**

क) **सामान्य प्रस्ताव**

१) सभामा सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको कम्पनीको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल पश्चात् निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२) सभामा कम्पनीको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्नका लागि सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

३) कम्पनीको लेखा परीक्षण समितिको सिफारिस बमोजिम लेखा परीक्षक श्री सुजन काफ्ले एण्ड एसोसियट्स चार्टर्ड एकाउण्टेण्ट्सलाई आर्थिक वर्ष २०८१/८२ को लागि कम्पनीको बाहृय लेखापरीक्षकमा नियुक्ती गर्ने तथा निजलाई बाह्य लेखापरीक्षण शुल्क वापत मुल्य अभिबृद्धि कर बाहेक रु.४,५०,०००/- (चार लाख पचास हजार) उपलब्ध गराउने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु.५,०१,१९,४७,७९७४६ को २० (बीस) प्रतिशतका दरले हुने रकम रु.१,००,२३,८९,५५९/४९ (एक अर्ब तेईस लाख उनन्नब्बे हजार पाँच सय उनन्साठी र पैसा उनन्पचास) नगद लाभांश (कर प्रयोजन समेतको लागि) वितरण गर्ने प्रस्ताव स्वीकृतिका लागि सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

५) कम्पनीको सञ्चालक समितिमा संस्थापक शेयरधनी भि.जे. इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. को प्रतिनिधिको रुपमा संस्थापक शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक श्री विवेक झाज्यूले आफ्नो पदबाट राजिनामा दिनु भई रिक्त रहेको सञ्चालक पदमा सञ्चालक समितिको मिति २०८१/०७/२७ मा बसेको ३८३ औं बैठकबाट कम्पनीका संस्थापक शेयरधनी पुजा इन्टरनेशनल नेपाल प्रा.लि. का प्रतिनिधी काठमाण्डौं म.न.पा. २८, कमलादी निवासी श्री आशिष कुमार अग्रवालज्यूलाई बाँकी अवधिका लागि नियुक्त गरेकोमा उक्त निर्णय सभा समक्ष जानकारी तथा अनुमोदनको लागि पेश हुँदा सो प्रस्ताव सभाद्वारा सर्वसम्मतीले अनुमोदन गर्‍यो ।

**ख) विशेष प्रस्ताव**

१) आर्थिक वर्ष २०८०/८१ मा कम्पनीबाट सँस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बिभिन्न कार्यका लागि भएको खर्च रु.८,०८,०७७/- (आठ लाख आठ हजार सतहत्तर) कम्पनी ऐनको दफा १०५ (१) (ग) बमोजिम अनुमोदनका लागि सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाद्वारा सर्वसम्मतीले अनुमोदन गर्‍यो ।

**ग) विविध**

विविध अन्तर्गत छलफलका लागि कुनै बिषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको ब्यहोरा सभामा जानकारी गराईयो ।

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

सभाका अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरु, कर्मचारीहरु, नियामक निकाय नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लि., सि.डि.एस एण्ड क्लियरिङ्ग लि., शेयर रजिष्ट्रार एन.आई.सी. एशिया क्यापिटल लि. का साथै सरोकारवाला सबै कार्यालयहरु तथा महानुभावहरुलाई कम्पनीको सत्रौं बार्षिक साधारण सभा सफलतापुर्वक सम्पन्न गर्न सहयोग पुर्‍याउनु भएकोमा हार्दिक धन्यवाद ब्यक्त गर्दै सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

**(भरत के.सी.)**
**कम्पनी सचिव**

SuryaJyoti Life Insurance Co. Ltd.

**(केशव प्रसाद भट्टराई)**
**अध्यक्ष**